तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गाल्जे, कालीकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:-२०८२/८३
चलानी नं. :-

## स्तर बृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।
सूचना नं. ४-२०८२/८३
सूचना प्रकाशित मिति: २०८२।०४।०६

कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा ९ र संशोधित ऐनको दफा २६ र २९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८१ को परिच्छेद ६ को नियम २९ बमोजिम यस नगरपालिका भित्रका स्थानीय सेवाका कर्मचारीहरूले पाँचौं र सातौं तहबाट क्रमशः छैटौं र आठौं तहमा स्तरबृद्धिका लागि नियमावलीको अनुसूचि-१८ बमोजिमको फाराम भरी सूचना प्रकाशित भएको मिति देखि मिति २०८२/०४/१२ गते भित्र स्तर बृद्धिका लागि तपसिलको कागजातसहित अख्तियारवाला समक्ष निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

१. सक्कल निवेदन।

२. हालको पदमा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।

३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

५. समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि।

६. बढुवा/तहबृद्धि/तह मिलान भएको भए सो पत्रको प्रमाणित प्रतिलिपि।

७. अद्यावधिक वैयक्तिक विवरण (PIS) को प्रतिलिपि।

८. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम। (पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण)

९. हालसम्म विभागीय कारबाही नपरेको तथा प्रचलित कानून बमोजिम स्तर बृद्धिको लागि अयोग्य नरहेको स्व-घोषणा।

२०८२।०४।०६
सुनिल ज्ञवाली
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ:-
श्री सूचना प्रविधि शाखाः- सूचना वेबसाइटमा अपलोड गरिदिनहुन।